# भाग ३

## नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालयको

## सूचना

**पशु वधशाला र मासु जाँच (पहिलो संशोधन) नियमावली, २०८१**

पशु वधशाला र मासु जाँच नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

पशु वधशाला र मासु जाँच ऐन, २०५५ को दफा २३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "पशु वधशाला र मासु जाँच (पहिलो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **पशु वधशाला र मासु जाँच नियमावली, २०५७ को नियम २ मा संशोधनः** पशु वधशाला र मासु जाँच नियमावली, २०५७ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ग) र (घ) को सट्टा देहायका खण्ड (ग) र (घ) राखिएका छन्:-

"(ग) "कार्यालय" भन्नाले प्रदेश सरकार मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा पशु सेवा कार्यालय सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकारको पशु सेवा हेर्ने जिल्लास्तरको कार्यालयलाई समेत जनाउँछ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **मूल नियमावलीको नियम ३ मा संशोधनः** मूल नियमावलीको नियम ३ को उपनियम (१) मा रहेका "स्थानीय निकायको" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहको सम्बन्धित वडा कार्यालयको" भन्ने शब्दहरू राखिएका छन्।

४. **मूल नियमावलीको नियम ५ मा संशोधनः** मूल नियमावलीको नियम ५ को,-

(१) उपनियम (१) मा रहेका "स्थानीय निकाय" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहको सम्बन्धित वडा कार्यालय" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपनियम (२) मा रहेका "स्थानीय निकायको प्रमुखले" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहको सम्बन्धित वडा कार्यालयले" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपनियम (३) मा रहेका "स्थानीय निकायले" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहको सम्बन्धित वडा कार्यालयले" भन्ने शब्दहरू राखिएका छन्।

५. **मूल नियमावलीको नियम ६ मा संशोधनः** मूल नियमावलीको नियम ६ को उपनियम (१) मा रहेका "स्थानीय निकायसँग परामर्श गरी" भन्ने शब्दहरूको सट्टा "स्थानीय तहको गाउँकार्यपालिका वा नगर कार्यपालिकाको परामर्शमा" भन्ने शब्दहरू राखिएका छन्।

६. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको,-

(१) अनुसूची- १ मा रहेका "जिल्ला पशु सेवा कार्यालय" भन्ने शब्दहरूको सट्टा "...कार्यालय" भन्ने शब्द राखिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) अनुसूचीको ठाउँठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहाय बमोजिमका शब्दहरू राखी रुपान्तरण गरिएको छः-

(क) "अञ्चल" भन्ने शब्दको सट्टा "प्रदेश",

(क) "गाउँ विकास समिति" भन्ने शब्दरूको सट्टा "गाउँपालिका"।

**आज्ञाले,**
**डा. राजेन्द्र प्रसाद मिश्र**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.१५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।